नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(योजना तथा अनुगमन शाखा)

पत्र संख्या : ०८१/०८२

चलानी नं. : ९४५

नेपाल सम्वतः ११४५

मितिः- २०८१/१०/१८

विषय : सहभागिता सम्बन्धमा ।

**श्री जिल्ला समन्वय अधिकारी,**

मधेश प्रदेशका सर्लाही, बारा, पर्सा र रौतहट जिल्लाका जिल्ला समन्वय कार्यालय ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको आयोजना तथा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको व्यवस्थापनमा स्थानीय तहले आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न गरेका कार्यहरुको समीक्षा, असल अभ्यास सम्बन्धमा अनुभव तथा सिकाइको आदान-प्रदान सम्बन्धी प्रदेश स्तरीय कार्यक्रम माननीय मन्त्रीज्यू र श्रीमान् सचिवज्यूको समुपस्थितिमा देहायको मिति, समय र स्थानमा हुने भएकोले त्यस जिल्ला अन्तर्गतका स्थानीय तहको अनिवार्य उपस्थिती हुने व्यवस्थामा सहजीकरण सहित कार्यक्रममा सहभागिताको लागि अनुरोध छ ।

मितिः २०८१।१०।२२ देखि २४ गतेसम्म ।
आइपुग्नु पर्ने समयः २०८१।१०।२२ गते बेलुकी ४:०० बजे सम्म ।
स्थानः टाउन हल होटल एण्ड पार्टी प्यालेस, वीरगंज, पर्सा ।

(रुद्र सिंह तामाङ)
सहसचिव

नोटः

- कार्यक्रम अवधिभर खाना, खाजा तथा आवासीय व्यवस्था कार्यक्रम व्यवस्थापकको तर्फबाट हुनेछ । कार्यक्रममा कार्यालयको सवारी साधन सहित उपस्थित हुने र सवारीचालकको समेत आवासीय व्यवस्था गर्नुपर्ने भएमा सोको जानकारी कार्यक्रम शुरु हुने अघिल्लो दिन १२ बजे भित्र कार्यक्रम व्यवस्थापकलाई उपलब्ध गराउनु पर्नेछ । दैनिक तथा भ्रमण भत्ता लगायतका कुनैपनि खर्च उपलब्ध गराईने छैन ।
- कार्यक्रमको उद्घाटन सत्र र समापन सत्र सामुहिक रुपमा हुनेछ । स्थानीय तहबाट हुने प्रस्तुतीकरण र सो सम्वन्धी मन्त्रालयको प्रस्तुतीकरणको लागि सहभागी स्थानीय तहको संख्याका आधारमा तिनीहरुलाई आवश्यकता अनुसार समुहमा विभाजन गरी समानान्तर रुपमा प्रस्तुतीकरणको व्यवस्था मिलाईने छ ।
- आफ्नो जिल्ला अन्तर्गतको प्रस्तुतीकरण पश्चात जिल्ला समन्वय अधिकारीबाट Observation मन्तव्य/प्रस्तुतीकरणका लागि समय उपलब्ध गराईने छ ।
- कार्यक्रममा आवास तथा अन्य व्यवस्थापकीय जानकारी आवश्यक भएमा ९८४१४९१९३६/९८५१२२०१८० मा सम्पर्क राख्न सकिने छ ।
- कार्यक्रमको प्रस्तुतीकरणका विषयवस्तु सम्वन्धी थप जानकारी आवश्यक भएमा भएमा ९८५१०३१६२७/९८४३५५४८८८ मा सम्पर्क राख्न सकिने छ ।